# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/०७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---

जलदेवी माध्यामिक विद्यालय, खनियापानी, रामेछापमा कार्यरत निम्न माध्यामिक विद्यालय तहका शिक्षक इन्दल कुमारले माध्यामिक तहको नक्कली स्थायी अध्यापन अनुमति पत्र पेश गरी उक्त पदमा नियुक्ति भएकाले निजको प्रमाण-पत्र उपर छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुंदा निज इन्दल कुमारले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले माध्यामिक तहको नक्कली शैक्षिक अध्यापन अनुमति पत्रको प्रमाणपत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निज इन्दल कुमारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता